nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १४३ पृष्ठ ४ । सोमबार १२ माघ २०८२ । MONDAY, JANUARY 26, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पुराना नेताहरूको वर्चस्वले पर्सा कांग्रेस संकटमा: युवा नेतृत्व नदेखिँदा पार्टी भित्र र बाहिर दुबै तर्फ असन्तुष्टी




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,११ माघ ।**

नेपाली कांग्रेस पर्साले यस पटकको निर्वाचनमा पनि पुरानै नेताहरूलाई चुनावी मैदानमा उतारेको छ । आम मतदातामा नेपाली कांग्रेसप्रतिको आकर्षण घटेको र असन्तुष्टि बढेको अवस्थामा पनि प्रतिनिधि सभाको निर्वाचनमा पुराना अनुहारहरूलाई नै मैदानमा उतारेपछि पार्टी भित्र र बाहिर दुवै तर्फ असन्तुष्टि देखिएको छ ।
कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय सभापति गगन कुमार थापाले नयाँ तथा युवा पुस्ताका उम्मेदवारहरू उतार्ने अपेक्षा राखिएको थियो । तर, पर्सामा यसको ठिक उल्टो भएको देखिन्छ । अहिलेसम्मका हरेक संसदीय चुनाव लडिसकेका नेताहरूलाई नेपाली कांग्रेसले टिकट दिएको छ । यसबारे पार्टीकै आम कार्यकर्ता र समर्थक मतदाताबीच पनि तीव्र असन्तुष्टि र आक्रोश देखिएको छ । पटक-पटक चुनाव लड्ने नेताहरूको हैकमवादी प्रवृत्ति पर्सा कांग्रेसमा अझै कायम रहेको स्पष्ट छ । पर्साका केही निर्वाचन क्षेत्रमा नयाँ तथा युवा उम्मेदवारहरू अघि आउने अपेक्षा गरिएको थियो, तर पुराना नेताहरूको प्रभाव र दबाबका कारण नयाँ तथा युवाहरू टिक्न सकेनन् । क्षेत्र नं. २ मा युवा नेता राकेश यादव आकांक्षी थिए भने अर्का नेता राजेन्द्र बहादुर आमात्य पनि टिकटको लागि आकांक्षी थिए । क्षेत्र नं. १ मा समेत नयाँ पुस्ताका नेताहरूले टिकटका लागि पार्टी पंक्तिमा दबाब दिएका थिए । क्षेत्र नं. ३ मा सुरेन्द्र चौधरीसहित अन्य नेताहरूको नाम सिफारिस गरिएको थियो । क्षेत्र नं. ४ मा पनि पुरानो नेतालाई नेपाली कांग्रेसले मैदानमा अघि सारेको छ । पार्टीको जिल्ला नेतृत्व समेत पुराना नेताहरूको दबाबमा परेका छन् । क्षेत्र नं. ४ मा पूर्वमन्त्रीले आफ्नो एकल नाम सिफारिस गराउन क्षेत्रीय कमिटी र जिल्ला नेतृत्वलाई दबाब दिएका थिए । फलस्वरूप, देशले परिवर्तन र युवा पुस्तालाई अवसर दिन चाहेको भए पनि नेपाली कांग्रेस पर्साले युवा पुस्तामाथि विश्वास गर्न सकेको छैन । पर्साका आम मतदाताहरूका अनुसार, नेपाली कांग्रेसले अपेक्षित राम्रा उम्मेदवार उपलब्ध गराउन नसकेको कारण भोट अन्य पार्टीतिर जान सक्ने अवस्था छ । युवाहरू निराश छन् भने कार्यकर्ता र आम मतदाताहरू पनि राम्रा उम्मेदवार र अन्य पार्टीका उम्मेदवारतर्फ आकर्षित हुने देखिन्छन् । पर्सा क्षेत्र नं. १ बाट कांग्रेसले यसअघि चुनाव हारेका र एक पटक समानुपाति सांसद बन्न सफल बिवादित उद्योगपति अनिल रुङ्टालाई मैदानमा उतारेको छ । क्षेत्र नं. २ बाट निर्वाचन जितेका, तर जनताको अपेक्षा अनुसार काम गर्न नसकेका, तथा विभिन्न विवादमा परेका नेता अजय चौरसियालाई टिकट दिएको छ । क्षेत्र नं. ३ मा भ्रष्टाचार मुद्दामा जेल जीवन बिताइसकेका तत्कालीन मन्त्री राजकुमार गुप्ता तथा हरेक चुनाव लड्दै आएका नेता सुरेन्द्र

बाँकी तेश्रो पृष्ठमा⇨

## बाराको दुधौरा पुल नजिक ट्रकको ठक्करबाट एक जनाको मृत्यु, एक घाइते




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,११ माघ ।**

बाराको प्रसौनी गाउँपालिका-२ स्थित दुधौरा पुल नजिक आज बिहान भएको सवारी दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । आज बिहान करिब ७ बजे बीरगन्जबाट कलैयातर्फ जाँदै गरेको ट्रकले विपरीत दिशाबाट आइरहेको मा.प्र.०३-०२७प ७८२९ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो । दुर्घटनामा स्कुटर चालक कलैया उपमहानगरपालिका-३ निवासी जय गुप्ताका २० वर्षीय छोरा आयुष गुप्ता गम्भीर घाइते भएका थिए । उनको टाउकोमा गम्भीर चोट लागेको थियो । स्कुटरको पछाडि सवार बीरगन्ज महानगरपालिका-१० घडीहर्वा निवासी बिनोद साह कानुका ३० वर्षीय छोरा मौसम कुमार साह पनि घाइते भएका छन् । उनको दाहिने हात र ढाडमा चोट लागेको प्रहरीले जनाएको छ । दुबै घाइतेलाई उपचारका लागि एलएस न्युरो अस्पताल, परवानीपुर (बारा) लगिएको थियो । उपचारकै क्रममा बिहान करिब ८ बजे आयुष गुप्ताको मृत्यु भएको अस्पतालले पुष्टि गरेको छ । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय प्रसौनीबाट प्रहरी सहायक निरीक्षक सालिम राउत गद्दीको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो । दुर्घटनापछि फरार रहेको म.प्र.०३-००२ ख ४१०२ नम्बरको ट्रकलाई प्रहरीले कलैयाको हनुमान चोकबाट नियन्त्रणमा लिएको छ ।
ट्रक चालक रौतहटको चन्द्रपुर नगरपालिका-२ निवासी २४ वर्षीय दिपेश चौधरीलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय बारा, कलैयामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मधेसभरिका एमाले उम्मेदवारको जनकपुरमा परिचयात्मक कार्यक्रम सम्पन्न



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,११ माघ ।**

नेकपा (एमाले) मधेस प्रदेश कमिटीको आयोजनामा मधेस प्रदेशभरिबाट निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका पार्टीका उम्मेदवारहरूको परिचयात्मक कार्यक्रम आज जनकपुरधाममा सम्पन्न भएको छ । कार्यक्रममा मधेस प्रदेशका सबै ३२ वटा निर्वाचन क्षेत्रबाट एमालेको तर्फबाट चुनाव लडेका उम्मेदवारहरूको सहभागिता रहेको थियो । यस अवसरमा उम्मेदवारहरूले आ-आफ्नो निर्वाचन क्षेत्रको वस्तुगत अवस्था, स्थानीय आवश्यकता, जनअपेक्षा तथा अपनाइएका चुनावी रणनीतिबारे जानकारी गराएका थिए । पर्सा जिल्लाबाट निर्वाचन क्षेत्र नम्बर-१ का प्रदीप यादव, क्षेत्र नम्बर-२ की रिमा कुमार यादव तथा क्षेत्र नम्बर-३ का रुपेश पाण्डेय कार्यक्रममा सहभागी थिए । उनीहरूले पर्साका प्रमुख समस्या र समाधानका उपायबारे धारणा राखेका थिए । परिचयात्मक कार्यक्रममा एमाले मधेस प्रदेशका इन्चार्ज एवम् सिराहा निर्वाचन क्षेत्रका उम्मेदवार लीलानाथ श्रेष्ठ, पार्टी केन्द्रीय सदस्यहरू प्रभु हजरा, विजयकुमार सरावगी, निर्मला देवकोटा, मधेस प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डल, उपाध्यक्ष विचार प्रसाद यादव र सचिव मनोज पौडेललगायत नेताहरूको उपस्थिति रहेको थियो । आजै जनकपुरधाममा राष्ट्रिय सभाको रिक्त सदस्य पदका लागि निर्वाचन कार्यतालिका रहेकाले प्रदेशसभा सदस्य, मेयर, उपमेयर तथा गाउँपालिका अध्यक्ष-उपाध्यक्षहरूको समेत उल्लेखनीय उपस्थिति देखिएको थियो । यस कारण सो परिचयात्मक कार्यक्रमलाई आसन्न निर्वाचनका दृष्टिले अर्थपूर्ण र राजनीतिक रूपमा महत्वपूर्ण मानिएको छ ।

## पर्सा-२ मा नेजपाका उम्मेदवार पटेलद्धारा घरदैलो कार्यक्रम सञ्चालन



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,११ माघ ।**

पर्सा जिल्ला निर्वाचन क्षेत्र नम्बर-२ अन्तर्गत बगही, ध्यानसिंह पिपरा, कोनिहा र बिन्दवासिनीमा नेपाल जनता पार्टीले आज घरदैलो कार्यक्रम सञ्चालन गरेको छ । घरदैलोमा पार्टीका नेता, कार्यकर्ता र समर्थकहरूले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै प्रतिनिधि सभा सदस्यका उम्मेदवार सन्तोष पटेल (सन्तोषानन्द महाराज) को उम्मेदवारी सफल बनाइदिन आग्रह गरेका थिए । कार्यक्रमका क्रममा बासिन्दाहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, धार्मिक-सांस्कृतिक संरक्षण, सडक तथा आधारभूत पूर्वाधार विकास जस्ता विषयमा आफ्ना समस्या र अपेक्षाहरू राखेका थिए । पार्टी नेतृत्वले जनताको विश्वास र समर्थनकै आधारमा पर्सा-२ लाई विकास, सुशासन र पहिचानको दृष्टिले नमुना क्षेत्र बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । घरदैलो कार्यक्रममा स्थानीय युवापुस्तादेखि वृद्ध-वृद्धासम्मको उत्साहजनक सहभागिता देखिएको थियो । सहभागीहरूले कार्यक्रममार्फत पार्टीप्रति जनसमर्थन बढ्दै गएको दाबी गरेका छन् । नेपाल जनता पार्टीले आगामी दिनहरूमा पनि यस्ता घरदैलो कार्यक्रमलाई निरन्तरता दिँदै मतदातासँग प्रत्यक्ष संवाद र समझदारी सुदृढ बनाउने योजना रहेको जनाएको छ ।

## निर्वाचन प्रचारमा राष्ट्रिय झण्डा प्रयोग सीमित, उल्लङ्घन गरे कारबाही हुने आयोगको चेतावनी




**काठमाडौं,११ माघ ।**

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को प्रचारप्रसारका क्रममा राष्ट्रिय झण्डाको प्रयोगलाई लिएर उठेको आलोचनापछि निर्वाचन आयोगले यससम्बन्धी प्रावधान स्पष्ट पारेको छ । आयोगले चुनावी गतिविधिमा राष्ट्रिय झण्डाको प्रयोग कडाइका साथ सीमित गरिएको जनाएको छ । निर्वाचन आयोगका अनुसार उम्मेदवार वा राजनीतिक दलले चुनावी प्रचारका क्रममा आयोजना गर्ने जुलुस, आमसभा, कोणसभा, घरदैलो अभियान वा कुनै पनि किसिमको ऱ्यालीमा बढीमा १० वटा मात्र राष्ट्रिय 'झण्डा प्रयोग गर्न पाइने व्यवस्था छ । तोकिएको संख्याभन्दा बढी राष्ट्रिय झण्डा प्रयोग गर्नु निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लङ्घन हुने र त्यस्तो अवस्थामा कानुनी कारबाही गरिने आयोगले स्पष्ट पारेको छ । सामाजिक सञ्जाल र सडक प्रदर्शनका क्रममा राष्ट्रिय झण्डाको अनादर हुने गरी प्रयोग भइरहेको गुनासो बढेपछि आयोगले यो प्रस्टोक्ति दिएको हो । आयोगका अनुसार सार्वजनिक कार्यक्रमबाहेक अन्य सामान्य प्रचारप्रसार सामग्री–जस्तै पोस्टर, ब्यानर, पर्चा वा अनलाइन सामग्रीमा–राष्ट्रिय झण्डाको प्रयोग पूर्ण रूपमा निषेध गरिएको छ । निर्वाचन आयोगले

बाँकी तेश्रो पृष्ठमा⇨

## डा. गुप्ता फराकिलो मतान्तरसहित नारायणी शाखाका अध्यक्षमा विजयी

**बीरगन्ज,११ माघ ।**

नेपाल चिकित्सक संघ नारायणी अञ्चल शाखाको अध्यक्षमा पुनः डाक्टर मनोज कुमार गुप्ता निर्वाचित भएका छन् । शनिबार वीरगन्जमा सम्पन्न निर्वाचनको आइतबार बिहान घोषणा गरिएको मतपरिणाम अनुसार, डा. गुप्ता फराकिलो मतान्तरका साथ विजयी भएका हुन् । गुप्ता २५९ मतका साथ अध्यक्षमा विजयी हुदाँ उनका प्रतिस्पर्धि डा. राजदेव कुशवाहाले भने १५७ मात्रै प्राप्त गरे ।अध्यक्षमा निर्वाचित डा. गुप्ता यसअघिपनि संघको अध्यक्ष थिए । यस्तै बरिष्ठ उपाध्यक्षमा भने कुशवाहा प्यानलका डा. पशुपतिनाथ भट्ट २४९ मतका साथ विजयी हुदाँ उनका प्रतिस्पर्धि गुप्ता प्यानलकी डा. तरन्नुम खातुनले १५८ मत मात्रै प्राप्त गरिन् । यसैगरि उपाध्यक्षमा गुप्ता पक्षका डाक्टर रामकिशोर सिंह ,सचिवमा कुशवाहा प्यानलका डा. विकास साह,सहसचिवमा गुप्ता प्यानलका डा. अजयकुमार यादव, कोषाध्यक्षमा कुशवाहा प्यानलका डा. रामाशंकर गुप्ता र सहकोषाध्यक्षमा गुप्ता प्यानलका डा. विवेक यादव निर्वाचित भएका छन् । सदस्यहरुमा डा. सुप्रिता गुप्ता,डा.रामप्रकाश ठाकुर, डा. दीपक चौरसिया,डा. आदित्यप्रकाश यादव, डा. विशाल साह र डा. विनिता सिंह निर्वाचित भएका प्रमुख निर्वाचन अधिकृत डा. अमरनाथ ठाकुरले जानकारी दिए । नयाँ नेतृत्व चयनका लागि वीरगन्जमा शनिबार भएको निर्वाचनमा कुल ७६६ मतदाता रहेकोमा ४२० मत खसेको थियो ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# घोषणापत्र जारी गर, नीति र कार्यक्रममा प्रतिस्पर्धा गर

प्रतिनिधिसभाको निर्वाचन आउन ३९ दिन बाँकी रहँदा पनि पार्टीहरूले आफ्नो घोषणापत्र सार्वजनिक गरेका छैनन् । त्यसको लेखनलाई तीव्रता दिएका पनि छैनन् ।

उम्मेदवारहरू मतदाताकहाँ पुगिरहेका छन्, आफू र पार्टीका निम्ति मत पनि मागिरहेका छन् । तर उनीहरूले जनतालाई प्रस्तावित गर्ने आफ्नो नीति के हो, कार्यक्रम के हो भन्ने औपचारिक दस्तावेज थमाउन सकेका छैनन् । उनीहरू दलको केन्द्रीय नीतिका आधारमा होइन, स्वयंको व्यक्तित्वका आधारमा मतदातालाई प्रभावित पार्ने चलाखी गरिरहेका छन् । यसले निर्वाचनलाई नै नीतिप्रधान होइन, व्यक्तिप्रधान गराउने जोखिम रहन्छ । व्यक्तिप्रधान राजनीतिले केही समयसम्म जनतामा अधिक आशा सिर्जना गर्ने र पछि आक्रोशतर्फ लैजाने गरेको विगत छ । परिणामतः राजनीति र समाज सधैं अस्थिरतामा रुमिलिन्छ । त्यसैले दलहरूले यथाशक्य चाँडो घोषणापत्र सार्वजनिक गर्नुपर्छ र त्यसका आधारमा जनतासँग मत माग्नुपर्छ । यो नै परिपक्व चुनावी प्रक्रिया हो । संसद्का केही मूलभूत जिम्मेवारी छन्- सरकार दिने, कानुन र नीति दिने, नागरिकको सरोकार सरकारलाई सुनाउने र सरकारका कामकारबाहीलाई निगरानी गर्ने । यद्यपि, संसारभरका संसद्को मुख्य भूमिका नै विधायिकी जिम्मेवारी पूरा गर्नु हो । त्यसैले संसद्मा प्रतिनिधित्व गर्ने दलले कस्ता नीति बोक्छन् भनेर जनताले थाहा पाउनुपर्छ । चुनावका बेलामा प्रस्ट हुन पाउनुपर्छ ।

यो विषय उम्मेदवारको छनोटका लागि मात्रै होइन, निर्वाचनपछि सम्बन्धित दललाई जवाफदेही बनाउनका लागि अपरिहार्य छ । मानौं, कुनै दलले घोषणापत्रमा शिक्षालाई निःशुल्क गर्छौं भन्ने लेखेर चुनाव जितेको छ भने नागरिकले उसलाई त्यस कामका लागि दबाब दिन सक्छन् ।

घोषणापत्र उपलब्ध नहुँदासम्म कुन दलले भोलि संसद्मा कस्तो नीतिको वकालत गर्छ भन्ने थाहा हुँदैन । नागरिकले पनि उसलाई यस्तै नीतिको पक्षमा उभिऊ भनेर जवाफदेही बनाउने आधार रहँदैन । संविधानका उपलब्धिदेखि सामाजिक न्यायसम्मका विषयमा यही अवधारणा लागू हुन्छ । राष्ट्रपतीय प्रणालीमा उम्मेदवार स्वयंको लिखित र मौखिक वाचा नै पनि पर्याप्त हुन सक्थ्यो । किनकि, चुनावपछि ऊ र उसको टिमको कामलाई ऊ नै नागरिकप्रति जवाफदेही हुनुपर्छ । तर संसदीय प्रणालीमा दलको नीति प्रमुख हुन्छ, त्यसमा समर्थन गर्नेहरू दलमा जोडिन्छन् । सांसद सार्वभौम नहुने होइनन्, तर उनीहरू दलको केन्द्रीय नीतिबाट धेरै पर जान सक्दैनन् । त्यसैले चुनावमा दलकै घोषणापत्र चाहिन्छ । उनीहरू कुन क्षेत्रमा कस्तो कानुनको पक्षमा छन्, कस्तो नीतिबाट देशलाई अगाडि बढाउन चाहन्छन्, प्रतिस्पर्धी दलप्रतिको बुझाइ के हो, बनाउन चाहेको समाज कस्तो हो, आर्थिक विकासको सूत्र के हो ? यस्ता यावत् पक्षमा दलको प्रतिबद्धता चाहिन्छ । यतिबेला दलको एकीकृत नीति तथा अवधारणाबिना नै मत माग्नु भनेको मतदातालाई हेप्नु हो ।

पुराना दलहरूले त मतदातालाई हेपेकै थिए, नयाँ दलहरू पनि त्यस्तै निस्किएका छन् । उनीहरू पनि समयानुकूल नीति होइन, अनुहार मात्रै देखाएर मत बटुल्न उत्प्रेरित छन् । यस निर्वाचनमा प्रमुख दलहरूले प्रधानमन्त्रीको उम्मेदवार नै तोकेका छन् । यो सकारात्मक नै छ । यद्यपि, प्रधानमन्त्रीको उम्मेदवारका रूपमा व्यक्तिको मात्रै चर्चा हुने र अनुमोदन पनि हुने हो भने जोखिम निम्तिन सक्छ । किनकि, हामीले संसदीय प्रणाली अभ्यास गरिरहेका छौं । यस प्रणालीमा व्यक्तिको जादु होइन, उसका नीति र त्यस नीतिलाई कार्यान्वयन गर्ने संस्थागत क्षमतामा विश्वास गरिन्छ । त्यस्ता नीतिले संवैधानिक विरासतदेखि जनताका नयाँ आकांक्षासम्मलाई समायोजन गरेको हुनुपर्छ । कार्यान्वयनका क्रममा दलभित्र र बाहिरका सरोकारवालासँग संवाद गरेको हुनुपर्छ । दल र उम्मेदवार नीतिगत रूपमा जति बढी प्रस्ट हुन्छन्, त्यस नीति कार्यान्वयनमा उति नै सहजता हुन्छ । नीतिगत प्रस्टता नहुने हो भने निर्वाचनपछि देशले थप एक थान प्रधानमन्त्री त पाउँछ, तर जनताको अपेक्षालाई लय दिन भने सक्दैन । त्यसैले हरेक दलको कल्पनाको नेपाल र कल्पनालाई यथार्थमा परिणत गर्ने उपायका बारेमा जनता सुसूचित हुन पाउनुपर्छ । २३ र २४ भदौको जेन-जी आन्दोलनले सिर्जना गरेको वशेष परिस्थितिमा २१ फागुनमा निर्वाचन हुन लागेको हो । जेन-जी आन्दोलनको उठान हुनुमा दलहरूको अकर्मण्यता पनि बलियो कारण हो । दलहरूले विगतमा ठूलाठूला वाचा गरे पनि त्यसको कार्यान्वयनका लागि इमानदार नहुँदा समाजमा असन्तुष्टि बढेको हो । जनमुखी नीतिको कार्यान्वयन गर्नेभन्दा पनि दलहरूको ध्येय नै सत्ता प्राप्ति र दुरुपयोगमा केन्द्रित भएको जनताको बुझाइ थियो । सत्ता नै नीति, सत्ता नै कार्यक्रम भइरहेको परिदृश्यलाई बदल्ने अवसर अहिले प्राप्त भएको छ । दलहरूले निर्वाचन घोषणापत्रमार्फत आफ्नो प्रतिबद्धता जाहेर गर्नुपर्छ । सत्तामा जाँदा कस्ता कार्यक्रम लागू गर्ने र विपक्षमा रहँदा कस्ता कार्यक्रम लागू गराउन दबाब दिने भनेर भन्ने र जनताको मत जित्नुपर्छ ।

# जनसुरक्षामा परनिर्भरताबाट आत्मनिर्भरतातर्फ



**जगन्नाथ काफ्ले**

विश्वव्यापी रूपमा खासगरी कोभिडको महामारीपछाडि राज्यको सामाजिक कल्याणकारी प्रणालीहरूले महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेका छन् । फिनल्यान्ड, स्विडेन, नर्वे र डेनमार्कजस्ता ऐतिहासिक रूपमा उत्कृष्ट सामाजिक सुरक्षा भएका देशमा समेत निरन्तर रूपमा सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा जालीको दिगोपनका मुद्दाहरूलाई उजागर गरेको छ । कुनै समय निर्विकल्प उदार र कल्याणकारी लाभहरूमा गर्व गर्ने र नमुना ठानिने यी सरकार अब कडा बजेट चाप, उच्च सामाजिक सेवाको माग र जनसांख्यिकीय परिवर्तनहरूसँग जुधिरहेका छन्, जसले सबैभन्दा उन्नत कल्याणकारी कार्यक्रमहरूको आभ्यासलाई पनि चुनौती दिइरहेको देखिन्छ । विकासशील देशहरूमा विश्व बैंक र दाताहरूद्वारा अनुदानमा आधारित सामाजिक सुरक्षा जाली कार्यक्रमहरू अत्यावश्यक देखिएका छन् । तर अल्प विकसित मुलुकका करोडौं जनसंख्या उक्त सेवाबाट बाहिर रहेको तथ्यांकले देखाएको छ । धनी कल्याणकारी राज्यहरूले समेत आफ्नो प्रणाली कायम राख्न संघर्ष गर्दा बाह्य सहायतामा निर्भर गरिब राष्ट्रहरूले दीर्घकालीन स्थिरताको कसरी सुनिश्चित गर्न सक्छन् भन्ने चिन्ता छ । यो विश्वव्यापी अवस्थाले आर्थिक र सामाजिक स्थिरताको लागि लचिलो, आत्मनिर्भर जग निर्माण गर्दै समाजहरूले कसरी आफ्नो सबैभन्दा कमजोर जनसंख्यालाई सुरक्षित गर्न सक्छन् भन्नेबारे नयाँ विचारहरू जगाएको छ । यसै सन्दर्भमा एउटा नयाँ अवधारणा 'सामुदायिक सुरक्षा जाली अर्थशास्त्र' नीतिनिर्माताहरू, अनुसन्धानकर्ताहरू र विकास विज्ञहरूमाझ चासोको विषय बनेको छ, जुन अवधारणा फिनल्यान्डको तुर्कु स्कुल अफ इकोनोमिक्सका अनुसन्धानकर्ता पंक्तिकार स्वयंले प्रस्ताव गरेको छ । यो अर्थशास्त्रको मोडेलले समुदाय-स्वामित्वमा आधारित व्यवसायहरूलाई सामाजिक सुरक्षासँग जोड्ने हाइब्रिड सामाजिक-आर्थिक प्रणालीको वकालत गर्छ । यसले विकसित राष्ट्रहरूमा राज्य-नेतृत्व समाज कल्याण र विकासशील देशहरूमा अनुदान पोषित सुरक्षा जालीहरूको परम्परागत दृष्टिकोणलाई चुनौती दिन्छ। बरु, यसले समुदाय-आधारित, आत्मनिर्भर मोडेललाई प्रवर्धन गर्छ जसले एकीकृत ढाँचाभित्र सामाजिक कल्याणलाई उत्पादनसँग जोडेर समाधान दिने प्रस्ताव गरेको छ । जसमा समुदायहरूले आफ्नो सुरक्षा, लचिलोपन र समृद्धिको जिम्मा आफैं लिन सक्षम हुन्छन् भन्ने उपाय छ । यो विचार वर्तमान प्रणालीहरूको सीमितताहरू पहिचान गरेर सुरु हुन्छ । परम्परागत सामाजिक सुरक्षा जालीहरू - जस्तै नगद स्थानान्तरण, खाद्य सहायता, आवास सहुलियत, वा बेरोजगारी भत्ताहरू - आर्थिक, सामाजिक, शारीरिक तथा मानसिक रूपमा कमजोर व्यक्ति तथा समूहहरूलाई सहायता गर्न महत्त्वपूर्ण हुन्छ । यद्यपि, तिनीहरू प्रायः बाह्य अनुदान कोष, राजनीतिक चक्र र आर्थिक परिवर्तनहरूबाट प्रभावित हुने र उतारचढावपूर्ण सरकारी बजेटमा भर पर्छन् । धेरै विकासशील राष्ट्रहरूमा, कार्यान्वयनमा ढिलाइ, कमजोर संस्थागत क्षमता, अभिजात (कुलीन) वर्गको कब्जा र स्थानीय परिवेशसँग कमजोर तालमेल हुनाले तिनीहरूको प्रभावकारितालाई अझ कमजोर पार्दछ । प्रस्तावित सामुदायिक सुरक्षा जाली अर्थशास्त्रले समुदाय, बजार र राज्यबीचको सम्बन्धलाई पुनर्कल्पना गरेर यी समस्याको समाधान दिन्छ । विपन्न व्यक्ति तथा समूहहरूलाई सहायताको निष्क्रिय प्राप्तकर्ताको रूपमा राख्नुको सट्टा, मोडेलले उनीहरूलाई स्थानीय रूपमा शासित सामाजिक-आर्थिक प्रणालीमा सक्रिय सहभागीको रूपमा परिकल्पना गर्छ । समुदाय-सञ्चालित संस्थागत निकायले मोडेलको केन्द्रमा बसेर काम गर्छ । यो निकायले समुदायका सबै परिवार र व्यक्तिहरूको प्रतिनिधित्व गर्छ । सामाजिक-आर्थिक खाताको प्रबन्ध गर्छ । सामूहिक लगानी व्यवस्थापन गर्छ । सेयर र प्रोत्साहनहरू वितरण गर्छ । सरकारी कार्यक्रमहरूसँग समन्वय गर्छ र प्रत्येक घरपरिवारलाई आधारभूत आवश्यकताहरू पूरा गर्न तथा जोखिम भएको बेला सामाजिक सुरक्षा सहजरूपमा पुऱ्याउन सुनिश्चित गर्छ । यसले घरपरिवार, उद्यमी, बजार, स्थानीय सरकारहरू र बाह्य सरोकारवालाबीच पुलको रूपमा काम गर्छ । साथै, समुदायलाई मध्यस्तकर्ता तथा कुलीन वर्गको कब्जाबाट जोगाउँछ र लाभहरूको समान वितरण सुनिश्चित गर्छ । मोडेलको आर्थिक इन्जिन सामुदायिक लगानी र साझा उद्यमशीलतामा निर्माण भएको हुन्छ । समुदायहरूले स्थानीय स्रोतहरू- पुँजी, भूमि, श्रम, ज्ञान-लाई एकत्रित कोष र समुदाय-स्वामित्वमा रहेका विभिन्न उद्यममा परिचालन गर्छन् । यी उद्यमले आम्दानी उत्पन्न गर्छन्, जसले समुदायको सुरक्षा जालीलाई प्रत्यक्ष रूपमा योगदान गर्छ। यसले सरकारी बजेट वा दाताको सहयोगलाई समेत उत्पादनमूलक व्यवस्थापन गरेर दिगो वित्तीय आधार निर्माण गर्छ । स्थानीय आर्थिक गतिविधिमा सामाजिक सुरक्षालाई एकीकृत गरेर, मोडेलले परम्परागत कल्याणकारी कार्यक्रमहरूमा सामान्यतया देखिने परनिर्भरताबाट आत्मनिर्भरतामा परिणत गर्नमा समर्पित हुन्छ । जसले स्थानीय स्तरमै उद्यमशीलता

बाँकी तेश्रो पृष्ठमा⇨

# प्रत्यक्ष कार्यकारी : समाधान होइन, संकटको अर्को

**सुस्मिता यादव**

नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारीको माग पछिल्ला वर्षहरूमा बारम्बार उठ्दै आएको छ । सरकार फेरिने क्रम, राजनीतिक दलप्रति बढ्दो निराशा र विकास ढिलो भएको अनुभूतिको पृष्ठभूमिमा यो मोडेललाई धेरैले 'स्थिरता र प्रभावकारिताको उपाय' का रूपमा प्रस्तुत गर्छन् । तर कुनै पनि शासन प्रणालीको मूल्यांकन भावनाबाट होइन, समाजको संरचना, राजनीतिक संस्कार र ऐतिहासिक अनुभवको आधारमा गर्नुपर्छ । नेपालको राज्य अझै पूर्ण रूपमा संस्थागत भएको छैन । नियमभन्दा सम्बन्ध, प्रक्रियाभन्दा पहुँच र कानुनभन्दा शक्ति प्रभावकारी हुने समाजमा शक्ति एकै व्यक्तिमा केन्द्रित गर्नु राज्य सुदृढीकरण होइन, राज्य कब्जाको जोखिम हो । प्रत्यक्ष निर्वाचित कार्यकारीले बलियो संस्था उत्पादन गर्दैन, उल्टै कमजोर संस्थामाथि बलियो व्यक्तिको छाया फैलाउँछ । इतिहासले देखाएको छ, जहाँ संस्था कमजोर छन्, त्यहाँ व्यक्तिको शक्ति लोकतान्त्रिक हुँदैन ।

संवैधानिक संस्कारको कमजोरी अर्को निर्णायक कारण हो । नेपालको संविधान कागजमा प्रगतिशील भए पनि व्यवहारमा राजनीतिक सौदाबाजी र व्याख्याको खेलमा अल्झिन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारीले आफूलाई संविधानभन्दा माथि जनमतको प्रतिनिधि ठान्ने जोखिम बोकेको हुन्छ । यस अवस्थामा संवैधानिक नियन्त्रणलाई बाधा, आलोचनालाई अस्थिरता र असहमतिको आवाजलाई जनादेशको अपमान भनेर चित्रण गर्न सजिलो हुन्छ । लोकतन्त्र यहींबाट स्खलित हुन्छ । नेपालमा राजनीतिक प्रतिस्पर्धा अझै वैचारिक छैन । नीति, दर्शन र कार्यक्रमभन्दा व्यक्तित्व, पहिचान, भावनात्मक अपिल र प्रतीकले चुनाव जितिन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारीको चुनाव यस्तो प्रवृत्तिको चरम रूप हो । यसले योग्य र उत्तरदायी नेतृत्वभन्दा लोकप्रिय, आक्रामक र प्रचारमुखी व्यक्तिलाई सत्ताको केन्द्रमा पुऱ्याउँछ । शासन प्रदर्शनमा सीमित हुन्छ, नीतिमा होइन । संघीय संरचनासँग यसको असंगति झनै गहिरो समस्या हो । संघीयता शक्ति बाँडफाँटको दर्शन हो, जबकि प्रत्यक्ष निर्वाचित कार्यकारी शक्ति केन्द्रीकरणको अभ्यास हो । व्यवहारमा प्रत्यक्ष जनादेश बोकेको कार्यकारीले प्रदेश र स्थानीय सरकारलाई अवरोध, अक्षमता वा भ्रष्टाचारको आरोप लगाउँदै नियन्त्रण गर्न खोज्छ । यसरी संघीयता कागजमा रहन्छ, तर राजनीतिक रूपमा निष्प्रभावी बन्छ । नेपालको सामाजिक विविधता, ऐतिहासिक बहिष्करण र पहिचानको संघर्ष प्रत्यक्ष कार्यकारीका लागि अनुकूल छैनन् । बहुमतको निर्णय सधैं न्यायसंगत हुँदैन । प्रत्यक्ष निर्वाचित कार्यकारीले बहुमतको भावनालाई नै राज्यको दिशा बनाउँछ, जसले अल्पसंख्यक, सीमान्तकृत र कमजोर समुदायलाई नीति निर्माणबाट झनै टाढा पुऱ्याउँछ । लोकतन्त्र समावेशी प्रतिनिधित्वको अभ्यास हुनुपर्ने ठाउँमा बहुसंख्यकको शासनमा झर्छ । नेपालको सामाजिक संरचना जाति, क्षेत्र, भाषा र पहिचानका आधारमा संवेदनशील रहेको सन्दर्भमा, यस्तो प्रणालीले 'सबैले स्वीकार गर्ने नेतृत्व' भन्दा पनि 'संकीर्ण बहुमतको नेता' उत्पादन गर्ने जोखिम बढी हुन्छ । यसले राज्यप्रति विश्वास घटाउने, बहिष्करणको अनुभूति बढाउने र अन्ततः सामाजिक तनावलाई गहिरो बनाउने सम्भावना बोकेको छ । लोकतन्त्र केवल निर्वाचन जित्ने प्रक्रिया होइन, त्यो समावेशिता र सहमतिमा आधारित शासन प्रणाली पनि हो भन्ने तथ्य यहाँ उपेक्षित हुन सक्छ । राजनीतिक असन्तोषको निकास बन्द हुनु अर्को गम्भीर जोखिम हो । संसदीय प्रणालीमा सरकार परिवर्तन संस्थागत प्रक्रिया हो । प्रत्यक्ष कार्यकारीमा त्यो सम्भावना सीमित हुन्छ । असन्तुष्टि संसद्मा होइन, सडकमा पोखिन्छ । नेपाल आन्दोलन, विद्रोह र सडक राजनीतिबाट बनेको देश हो । यस्तो समाजमा शक्ति लामो समय एकै ठाउँमा थुनिनु स्थिरता मात्र होइन, विस्फोटको तयारी हो । अर्थ राजनीतिक दृष्टिले पनि यो मोडेल अनुपयुक्त छ । प्रत्यक्ष निर्वाचन अत्यन्तै खर्चिलो हुन्छ । पैसा, मिडिया र संगठन क्षमता निर्णायक बन्छ । परिणामतः कार्यकारी जनताको होइन, पुँजी र प्रभावशाली नेटवर्कको ऋणी बन्छ । नीति निर्माण सार्वजनिक हितभन्दा लगानी फिर्ताको गणनामा आधारित हुन्छ । यसले आर्थिक असमानता झनै गहिरो बनाउँछ । लोकप्रियतावादको जोखिम अत्यधिक हुन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारीले कठिन तर आवश्यक निर्णयभन्दा सजिलो र भावनात्मक निर्णयलाई प्राथमिकता दिन्छ । दीर्घकालीन सुधार, संरचनात्मक परिवर्तन र अलोकप्रिय तर आवश्यक नीतिहरू पछाडि पर्छन् । शासन 'देखिने काम' मा सीमित हुन्छ, 'सही काम' मा होइन । संवैधानिक निकाय र न्यायपालिकामाथि दबाब बढ्ने खतरा पनि उत्तिकै गम्भीर छ । जनादेशको आडमा कार्यकारीले संवैधानिक नियन्त्रणलाई अवरोधका रूपमा चित्रण गर्न सक्छ । अदालत, आयोग र नियामक निकायहरू लोकप्रिय कार्यकारीको छायामा काम गर्न बाध्य हुन्छन् । त्यसैगरी, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री संसद्प्रति उत्तरदायीभन्दा पनि जनादेशको नाममा संसद्लाई बेवास्ता गर्ने प्रवृत्तितर्फ उन्मुख हुन सक्छ । विधायिकाको भूमिका कमजोर हुनु लोकतन्त्रका लागि खतरनाक संकेत हो । प्रधानमन्त्रीले नीति, बजेट र प्रशासनिक निर्णयमा एकल प्रभुत्व जमाउने हो भने संसद् केवल औपचारिक स्वीकृतिदाता संस्थामा सीमित हुन सक्छ । यसले शक्ति पृथकीकरणको आधारभूत लोकतान्त्रिक सिद्धान्तलाई कमजोर बनाउँछ । यसले शक्ति सन्तुलनको सिद्धान्त व्यवहारमा कमजोर बनाउँछ । लोकतन्त्रको शिक्षात्मक भूमिकामाथि पनि यसले नकारात्मक प्रभाव पार्छ ।

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## क्यानडामाथि एक सय प्रतिशत कर लगाउने ट्रम्पको धम्की, स्वदेशी सामान प्रयोग गर्न प्रधानमन्त्रीको आव्हान



***काठमाडौं, ११ माघ ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानडालाई चीनसँगको व्यापार सम्झौता अघि नबढाउन चेतावनी दिएका छन् । व्यापार सम्झौता अघि बढाए क्यानडाबाट अमेरिकामा आउने सामाग्रीमा एक समय प्रतिशत कर लगाउने धम्की उनले दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानडालाई चीनसँगको व्यापार सम्झौता अघि नबढाउन चेतावनी दिएका छन् । व्यापार सम्झौता अघि बढाए क्यानडाबाट अमेरिकामा आउने सामाग्रीमा एक समय प्रतिशत कर लगाउने धम्की उनले दिएका छन् । जवाफमा क्यानेडाका प्रधानमन्त्री मार्क कार्नेले स्वदेशी सामान प्रयोग गर्न आव्हान गरेका छन् । शनिबार उनले सामाजिक सञ्जाल एक्समा भिडियो सन्देश जारी गर्दै क्यानडाको अर्थतन्त्रलाइ विदेशीबाट खतरा रहेको बताए । 'हाम्रो अर्थतन्त्रलाई विदेशबाट चुनौती छ । क्यानेलीहरुले ध्यान दिनुपर्छ : हामी के कुरा नियन्त्रण गर्नसक्छौं,' उनले भने,'क्यानडाका व्यवसायलाई सहयोग गरौं । आवासिय भव र ठूला परियोजनाका पूर्वाधारहरु क्यानडाको प्रविधि र क्यानडाकै जनशक्ति प्रयोग गरेर बनाऔं । अरु देशका कामलाई हामीले नियन्त्रण गर्न सक्दैंनौ । तर, हामी आफ्नो उत्कृष्ट उपभोक्ता हुनसक्छौं । क्यानडियन सामाग्री किन्नुस्, क्यानडामै बनाउनुस् । मिलेर क्यानडालाई बलियो बनाऔं ।' यसअघि सामाजिक सञ्जालमा ट्रम्पले चीनबाट आउने सामाग्रीलाई अमेरिका पठाउने योजना क्यानडाले बनाएको आरोप लगाएका थिए । 'यदी कार्नेले क्यानेडालाई चीनबाट आउने सामाग्री थन्काउने बन्दरगाह (ड्रप अफ पोर्ट) बनाउने र ती सामाग्री अमेरिकामा पठाउने सोचेका छन् भने उनी गलत छन् ,' उनले लेखेका छन् । गत वर्ष ट्रम्प दोस्रो कार्यकालका लागि राष्ट्रपति बनेर आएपछि क्यानडासँग उनको सम्बन्ध निरन्तर बिग्रदों छ ।

ट्रम्पले भन्सार शुल्क बढाउने निर्णय गरेपछि क्यानडाले बिस्तारै व्यापारको नयाँ विकल्पबारे सोच्न थालेको थियो । क्यानडाका प्रधानमन्त्री कार्नेले बेइजिङ भ्रमण गर्दै चीनसँग सन् २०१८ देखि बिग्रिएको सम्बन्धलाई ट्र्याकमा ल्याउन पहल गरेका छन् । उक्त भ्रमणकै दौरान चीनबाट आउने विद्युतीय गाडीमा क्यानडाले लगाउँदै आएको कर घटाउने सहमति बनेको छ । बदलामा, चीनले पनि क्यानडोबाट आउने कृषिजन्य उत्पादनमा भन्सार शुल्क कम गरेको छ । क्यानडा-अमेरिका व्यापार मामिला हेर्ने मन्त्री डोमिनिक लेब्लान्कले चीन र क्यानडाबीच धेरै सवालहरुमा समझदारी बनेको बताए । तर, स्वतन्त्र व्यापार सम्झौताको कुनै योजना नरहेको उनले बताए ।

ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्ने ट्रम्पको सोचले नाटो गठबन्धनमा संकट निम्तिएका बेला एकपछि अर्को देश अमेरिकासँग दूरी बनाउँदैछन् । यसै साता स्विचरल्यान्डको डाभोसमा भएको विश्व आर्थिक फोरमको बैठकमा ट्रम्पले भनेका थिए, 'अमेरिकाले भएकाले नै क्यानडा बाँचेको छ ।' जवाफमा कार्नेले भनेका थिए, ' विश्वले तानाशाही प्रवृत्तिसँग बाँधिरहनुपर्ने बाध्यता छैन, क्यानडा यसको उदाहरण हो । अमेरिका भएकाले क्यानडा बाँचेको होइन । हामी क्यानडेली भएकाले फक्रिएको हो ।' यसपछि रिसाएका ट्रम्पले गाजा संकट समाधानका लागि बनाएको 'शान्ति कमिटी' मा बस्न कार्नीलाई गरिएको पूर्व निमन्त्रणा खारेज भएको बताएका थिए । ट्रम्पले पटक-पटक क्यानडाको सार्वभौमसत्ताको अवमुल्यन गर्दै आएका छन् । उनले केही समयअघि क्यानडालाई अमेरिकाको ५१ औं राज्य बन्न आग्रह गरेका थिए । गत सातामात्रै उनले सामाजिक सञ्जालमा एआई निर्मित अमेरिकाको नयाँ नक्सा राखेका थिए । जसमा क्यानडा, भेनेजुएला, ग्रिनल्यान्ड र क्युवामा अमेरिकाको झन्डा अंकित थियो । शनिबार आफ्नो यही आक्रामक स्वभावलाई ट्रम्पले फेरि एकपटक उजागर गरे ।

उनले कार्नेलाई 'गभर्नर कार्ने' भनेर सम्बोधन गरे । यसअघि पूर्व क्यानडेली प्रधानमन्त्री 'जस्टिन ट्रुडो'लाई पनि उनले यसरी नै सम्बोधन गरेका थिए । मोन्ट्रियल लस्थित म्याकगिल विश्वविद्यालयका राजनीतिक शास्त्रका प्रोफेसर डेनियल बिलान्द ट्रम्पको हेपाहा प्रवृत्ति कायमै रहेको बताउँछन् । 'सुरुवाती दिनमा ट्रम्पले ट्रुडोको दाँजोमा कार्नेलाई केही सम्मान देखाएजस्तो देखिथ्यों । तर अहिले कार्नेको चीन भ्रमण र डाभोसमा उनले दिएको उत्कृष्ट भाषणपछि ट्रम्प चिढिएका छन् । उनी आफ्नै चरित्रमा फर्किएका छन् र पहिलेजस्तै गाली दिन थालेका छन्,' उनले भने । ट्रम्प नेतृत्वको अमेरिकालाई काउन्टर दिनसक्ने नेताका रुपमा कार्ने उदाएका छन् ।

## युएईमा दुईदिने रुस-युक्रेन वार्ता "सकारात्मक", ठोस परिणाम आएन



***काठमाडौं, ११ माघ ।***

युएईको अबुधावीमा रुस, युक्रेन र अमेरिकाबीचको त्रिपक्षीय बैठक सम्पन्न भएको छ । रुसको सरकारी समाचार एजेन्सी तासले अज्ञात स्रोतको हवाला दिदैं 'केही परिणाम प्राप्त भएको' जनाएको छ । केही समयपछि युएईमा फेरि बैठक बस्नसक्ने रुसी सञ्चारमाध्यम आरटीले जनाएको छ । युक्रेनी अधिकारीहरुले पनि यस वार्ता सकारात्मक रहेको बताएका छन् । युक्रेनका राष्ट्रपति भोलोदमेर जेलेन्स्कीले अर्को साता फेरि बैठक बस्नसक्ने संकेत गरेका छन् । वार्तामा संलग्न अमेरिकी अधिकारीहरूले १ फेब्रुअरीमा नयाँ बैठक हुने बताएका छन् । युएईमा वार्ता चलिरहदाँ रूस र युक्रेन एकअर्कासँग युद्ध मैदानमै थिए । युक्रेनले आफ्न उर्जा पूर्वाधार तथा भौतिक सम्पत्तिमा रूसले ड्रोन तथा मिसाइल आक्रमण गरेको र यस क्रममा एकको मृत्यु तथा ३५ घाइते भएको जनाएको छ । त्यस्तै युक्रेनले एम्बुलेन्समाथि आक्रमण गर्दा तीनजना स्वास्थ्यकर्मीको मृत्यु भएको रूसले जनाएको छ । फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेयता रुस-युक्रेन र अमेरिकाका प्रतिनिधिबीच छलफल भएको यो पहिलोपटक हो । युक्रेनले राष्ट्रिय सुरक्षा परिषद् का प्रमुख रुस्तेम उमरोभ, जनरल स्टाफ प्रमुख एन्ड्री ह्नाटोभ र राष्ट्रपति कार्यालयका प्रमुख किरिलो बुडानोभलाई वार्ता टोलीमा समावेश गरेको थियो ।

त्यसैगरी, रुसी टोलीमा राष्ट्रपति भ्लादिमिर पुटिनका सल्लाहकार युरी उसाकोभ, सैन्य अधिकारी एडमिरल इगोर कोस्ट्युकोभसहित उच्चपदस्थ सुरक्षा अधिकारी सहभागी थिए । अमेरिकाबाट राष्ट्रपति डोनाल्ड ट्रम्पका दूत स्टेभेन विटकफ, ट्रम्पका ज्वाइँरसल्लाहकार जारेड कुशनरसहितको टोलीलाई सहभागि थियो । अन्य धेरै विषयमा सहमति बनेपनि विशेषगरी सीमा क्षेत्रको विवाद दुई देशबीच पेचिलो मुद्दा बनेको छ । रुसले युद्धपछि बनेको नयाँ सीमा र नयाँ यथार्थ स्विकार्दै युक्रेनी सेना डोन्बस क्षेत्रबाट हट्नुपर्ने माग राखेको छ । तर युक्रेनले आफ्नो भूभाग सुम्पन नसक्ने बताउँदै आएको छ ।

### जनसुरक्षामा पर.......

विकास, रोजगारी सिर्जना र आर्थिक विविधीकरणका लागि प्लेटफर्म पनि प्रदान गर्छ । समुदायको प्रतिस्पर्धात्मकता बढाउनुका साथै यो मोडेलले हरेक सामाजिक-आर्थिक चुनौती सामना गर्ने क्षमतावान् बनाउँछ । सामुदायिक सुरक्षा जाली अर्थशास्त्रको एक विशिष्ट विशेषता भनेको वैज्ञानिक नवप्रवर्तनलाई स्वदेशी ज्ञानसँग मिलाउने कुरामा यसको ध्यान केन्द्रित गर्नु हो । मोडेलले समुदायहरूमा बहुमूल्य परम्परागत अभ्यास, पारिस्थितिक अन्तर्दृष्टि र स्थानीय सीपहरू छन्, जुन आधुनिक प्रविधिमार्फत बढाउन सकिन्छ भनेर स्वीकार गर्छ । यी ज्ञान प्रणालीहरूलाई संयोजन गरेर, समुदायहरूले उत्पादकता बढाउन, वातावरणीय दिगोपनलाई प्रवर्धन गर्न र जलवायु परिवर्तन तथा अन्य विषम झट्काको विरुद्ध सामना गर्ने क्षमता निर्माण गर्न सक्छन् । यसले जैविक विविधता संरक्षण, दिगो प्राकृतिक स्रोत प्रयोग र जलवायु-अनुकूलनशील विकासलाई प्रोत्साहन गर्छ । यस प्रारूपले तीन अन्तरसम्बन्धित स्तरहरूमा काम गर्छ । साभार ईकान्तिपुर ।

### प्रत्यक्ष कार्यकारी.......

नागरिकले राजनीतिलाई संस्था, नीति र बहसभन्दा व्यक्तित्व, शैली र छविबाट बुझ्न थाल्छन् । राजनीति सहभागी अभ्यास होइन, दर्शक खेल बन्छ । दीर्घकालीन लोकतान्त्रिक चेतना कमजोर हुन्छ । अन्ततः प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस एउटा गहिरो भ्रममा आधारित छ । प्रणाली परिवर्तनले संरचनात्मक समस्या समाधान गर्छ भन्ने भ्रम छ । नेपालको समस्या प्रणाली होइन, लोकतान्त्रिक संस्कार, संस्थागत अनुशासन र शक्ति नियन्त्रणको अभाव हो । यी सुधार नगरी प्रणाली बदल्नु लोकतन्त्रलाई अझै नाजुक बनाउनु हो । यसैले नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारी उपयुक्त हुन सक्दैन । यो समाधान होइन, संकटलाई अर्को रूप दिने प्रयोग हो ।साभार ईकान्तिपुर ।

### पुराना नेताहरू.............

चौधरीलाई टिकट दिइएको छ । क्षेत्र नं. ४ मा पर्साका प्रभावशाली नेता रमेश रिजाललाई चुनावी मैदानमा उतारिएको छ । यी सबै नेताहरू यस पटक मतदाताबाट बहिस्कारमा पर्ने सम्भावना रहेको देखिन्छ । नेपाली कांग्रेसका कार्यकर्ता र आम मतदाता उनीहरूलाई भोट हाल्दा निराश छन् । यसै कारण, बाहिर चर्चा गरिए जस्तो पर्सामा नेपाली कांग्रेसको स्थिति सशक्त नहुने र कमजोर हुन सक्ने आंकलन गरिएको छ । पार्टी नेतृत्वले नयाँ नेताहरूलाई जन्माउन नसकेको र युवा पुस्तालाई अवसर दिन नसकेकोमा पर्सामा तीव्र असन्तुष्टि देखिएको छ ।

### निर्वाचन प्रचारमा.........

सबै राजनीतिक दल र उम्मेदवार हरूलाई निर्वाचन आचारसंहिताको पालना गर्न आग्रह गर्दै राष्ट्रिय झण्डाको प्रयोग सम्बन्धी निर्धारित सीमा र नियम कडाइका साथ लागू गर्न निर्देशन दिएको छ ।

### सामाजिक सञ्जाल.......

दर्ताबिनै सञ्चालित प्लेटफर्ममाथि कडाइका साथ नियमन गर्न निर्देशन दिए । साइबर ब्युरो प्रमुख प्रहरी नायब महानिरीक्षक नबिन्द अर्यालबाट ब्युरोले प्रदान गर्दै आएको नियमित र विशेष सेवाबारे जानकारी लिँदै गृहमन्त्रीले निर्वाचनको समयमा ब्युरो अझ सक्रिय, स्वचालित र तदारुक भएर काम गर्नुपर्नेमा जोड दिए । सामाजिक सद्भाव बिगार्ने कुनै पनि पोस्ट, सामग्री वा सूचना तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन सकिने उनले स्पष्ट पारे । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार गृहमन्त्री अर्यालले तथ्यपरकता नपुगेका र समाजमा भ्रम सिर्जना गर्ने पोस्ट गर्ने व्यक्ति, संस्था वा समूहलाई साइबर ब्युरोले स्वतः अनुसन्धान गरी कारबाही अघि बढाउन निर्देशन दिएका हुन् । अवलोकनको क्रममै गृहमन्त्री अर्यालले नेपाल प्रहरीको पुलिस क्लब पुगेर त्यहाँ राखिएका पुरातात्विक महत्वका मूर्तिहरूको समेत अवलोकन गरेका थिए ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## भजाइनल सिस्टको कारण र उपचार



पाठेघरमा मासु पलाएको सुन्नुभएको होला । तर के तपाईंलाई थाहा छ योनीमा पनि मासु पलाउन सक्छ ? योनीमा मासु पलाउने समस्यालाई चिकित्सकीय भाषा 'भजाइनल सिस्ट' भनिन्छ । जसको बेलैमा पहिचान भयो भने सहजै उपचार हुन्छ । तर ढिलाइ भयो भने अवस्था नाजुक बन्न सक्छ ।

**के हो भजाइनल सिस्ट ?** योनी वा यसको वरपर तरल पदार्थले भरिएको गाँठो पलाउनुलाई 'भजाइनल सिस्ट' भनिन्छ । यो सानो, ठूलो र कुनै पहिचान गर्ने नसकिने अति सानो आकारको देखा पर्न सक्छ । प्रायः प्रसबको समय, बच्चा जन्माइसकेका र रजोनिवृत्ति भएपछि यो समस्या देखिन सक्छ । **कारण** यो समस्याको कारण एउटा मात्र छैन । चोटपटक, संक्रमण र हर्मोनल परिवर्तनले हुनसक्छ । चोटपटक : प्रसबको समयमा बच्चा निस्किने क्रममा शल्यक्रिया गर्दा वा योनीको भित्तामा चोटपटक लागेर निस्कन सक्छ । यो समस्या आकस्मिक हुनसक्छ, जसको रोकथाम हुन सक्दैन । ग्रन्थीमा अवरोध : चोटपटक वा संक्रमणको कारण योनीमा चिप्लोपन गराउने बार्थोलियन ग्रन्थीमा अवरोध आई तरल पदार्थ जम्मा हुँदा मासु पलाउन सक्छ । जसलाई चिकित्सकीय भाषामा बार्थोलियन सिस्ट भनिन्छ । तुलनात्मकरुपमा यो सिस्ट सबैभन्दा बढी देखिन्छ । संक्रमण : यौन प्रसारित रोग जस्तै गोनोरिया र क्याल्मडियामा हुने कीटाणुले पनि योनी वा त्यसको वरपर मासु पलाउन सक्छ । त्यसैले यौन सम्बन्ध कायम राख्दा कण्डमको अनिवार्य प्रयोग गर्नुपर्छ । जन्मजात : कसैमा भने यो सिस्ट जन्मजात पनि हुनसक्छ । के कारणले देखा पर्छ भन्ने ठोस कारण पत्ता लागिसकेको छैन ।

**लक्षण** योनीमा मासु पलाउने बित्तिकै लक्षण देखाउँछ भन्ने हुँदैन । जुन स्वास्थ्य परीक्षण गर्दा बल्ल थाहा हुन्छ । कतिपय अवस्थामा भने केही लक्षण देखापर्छ । - योनीको वरपर मासुको डल्ला पलाउनु - यौन सम्बन्ध राख्दा, हिंड्दा, बस्दा, शौच गर्दा, टिस्यु पेपरले सफा गर्दा र टयाम्पुनको प्रयोग गर्दा दुख्ने र पोल्ने हुनसक्छ ।

- ज्वरो आउन सक्ने । **पहिचान** यो पहिचान गर्न सबैभन्दा पहिला आकार हेरिन्छ । आकारअनुसार कस्तो जाँच गरिने भन्ने तय हुन्छ । कतिपय अवस्थामा क्यान्सर हो कि भनेर पहिचान गर्न बायोस्पी पनि गरिन्छ । त्यस्तै, यौन संक्रमण हो कि भनेर पहिचान गर्न त्यसमा भएको तरल पदार्थको जाँच गरिन्छ । जन्मजात 'सिस्ट' बढेको छ भने त्यसको आकार कहाँसम्म फैलिएको छ भनेर एमआरआई गरेर हेरिन्छ । **उपचार** यदि सानो गाँठो छ भने सहन सक्ने तातो पानीले सेक्दा पनि बस्न सक्छ ।

संक्रमणको कारणले हो भने केही एन्टिबायोटिक औषधि प्रयोगसँगै शल्यक्रिया हुन्छ । परीक्षणमा शंकास्पद र आकार ठूलो भएमा सानो शल्यक्रिया गरेर पनि हटाउन सकिन्छ । **के यसको रोकथाम हुन्छ ?** योनीमा मासु पलाउने समस्याको रोकथाम गर्न सकिंदैन । तर सरसफाइमा ध्यान दिने, सुरक्षित शारीरिक सम्बन्ध राख्दा जोखिम कम भने हुनसक्छ । **जटिलता** यदि संक्रमणको कारण सिस्ट देखिएको छ । समयमा उपचार भएन भने उक्त सिस्टबाट संक्रमण रगतमा फैलिन सक्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# सर्लाहीमा चुनावी सरगर्मी, क्षेत्र नं. ४ मा सबैको चासो



**काठमाडौं,११ माघ ।** नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगनकुमार थापा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेदवार बनेसँगै सर्लाही क्षेत्र नं. ४ देशको चुनावी चर्चा केन्द्रमा आएको छ । कांग्रेस केन्द्रीय कार्यसमितिको शुक्रबारको बैठकले थापालाई भविष्यका प्रधानमन्त्रीका उम्मेदवार का रूपमा घोषणा गरेसँगै सिङ्गो देशको ध्यान यही क्षेत्रमा केन्द्रीत भएको हो । भारतको सीमासँग जोडिएका अधिकांश गाउँ पर्ने यो निर्वाचन क्षेत्रलाई कांग्रेसको पुरानो गढ मानिन्छ । यसै क्षेत्रबाट डा. अमरेशकुमार सिंह लगातार तीन पटक सांसद बनेका छन् । २०७० र २०७४ मा कांग्रेसका उम्मेदवारका रूपमा विजयी भएका सिंह २०७९ मा पार्टीसँग असहमति भएपछि स्वतन्त्र रूपमा चुनाव लडेका थिए र पुनः निर्वाचित भएका थिए । फागुन २१ को निर्वाचनमा कांग्रेस सभापति थापा ले सिंहसँग प्रतिस्पर्धा गर्नुपर्ने समीकरण बनेको छ । सिंह हालै मात्र राष्ट्रिय स्वतन्त्र पार्टी मा प्रवेश गरी सो पार्टीबाट उम्मेदवारी दिएका छन् । सर्लाही-४ मा थापा र सिंहबाहेक नेकपा एमालेका अमनिशकुमार यादव, नेपाली कम्युनिस्ट पार्टीका रजनिश राय, जनता समाजवादी पार्टीका रामेश्वर राय यादव, जनमत पार्टीका राकेशकुमार मिश्र लगायत ३९ जना उम्मेदवार चुनावी मैदानमा छन् । यस निर्वाचन क्षेत्रको एक लाख २१ हजार १२ मतदाता रहेका छन् भने मतदानका ८१ स्थलमध्ये सबै संवेदनशील मानिएका छन् ।
कांग्रेस सभापति थापा सोमबार आफ्नो निर्वाचन क्षेत्र सर्लाही-४ मा आउदै छन् । टिकट वितरणका बेला थापाले वारेसमार्फत उम्मेदवारी दर्ता गराएका थिए । कांग्रेस प्रदेश उपसभापति वीरेन्द्रप्रसाद सिंह का अनुसार थापा चार दिन क्षेत्रमै बस्दै नेता, कार्यकर्ता र मतदातासँग भेटघाट गर्ने कार्यक्रममा सहभागी हुनेछन् ।

# उज्यालो नेपाल पार्टीलाई थप बलियो बनाउँदै रोशन अधिकारी प्रवेश

**बारा,११ माघ ।** बारा क्षेत्र नम्बर ३ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) क्षेत्रीय उपसभापति रोशन कुमार अधिकारी उज्यालो नेपाल पार्टीमा प्रवेश गरेका छन् । आइतबार पार्टी अध्यक्ष तथा पूर्वमन्त्री कुलमान घिसिङले अधिकारीलाई ब्याच र टोपी लगाइदिँदै औपचारिक रूपमा पार्टीमा स्वागत गरेका थिए । अधिकारिले राष्ट्रिय स्वतन्त्र पार्टी जनमुखी नभई धनी वर्गको पक्षमा केन्द्रित भएको आरोप लगाउँदै "जनताको वास्तविक मुद्दा उठाउन त्यो पार्टी असफल छ" भने । उनले सामाजिक सञ्जाल मात्रमा राजनीति हुने नभई जनतासँगै गएर काम गर्नुपर्ने आवश्यकता औंल्याए । उनले उज्यालो नेपाल पार्टीमार्फत देशलाई उज्यालो बनाउने अभियानमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । पार्टी अध्यक्ष घिसिङले भने, "उज्यालो नेपाल पार्टी जनआधारित नेतृत्व र कर्ममा विश्वास गर्छ । इमानदार र कर्मशील व्यक्तिहरूको सहभागिताले देश परिवर्तनमा मद्दत पुग्छ ।" अधिकारीको प्रवेशले पार्टीलाई थप सशक्त बनाउने विश्वास समेत व्यक्त गरिएको छ ।


## भुमिसुधार तथा मालपोत कार्यालय पर्साको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला पर्सा साविक गा.वि.स. सबैठवा बडा नं. ०८ हाल पकहामैनपुर गा.पा.- ०५ बस्ने विकाउ साह तेली तपसिलको जग्गा जगरनाथपुर गा.पा. वडा नं.०१ को च.न. ६१८ मिति २०८२/१०/०४ भोगको सिफारिस मालपोत रसिद पुर्जा सहीसनाखत सलग्न राखी श्रेस्ता कायम माग द.न. ३२२४ मिति २०८२/१०/०४ निवेदन माग गरेकोमा यस कार्यालयमा मोठ श्रेस्तामा मोठ फेला नपरेको मोठ फाँटबाट लेखिआएकोमा तपसिल जग्गाको हकभोग, स्वामित्व, वेच बिखन तथा जग्गा श्रेस्ता कायम गरी हालसाविक नामसारी कायम हुनु नपर्ने कुनै कारण भए चारे यस कार्यालयको मिति २०८२/१०/०६ को आदेशानुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निवेदकको मागँ दावी भएको तपसिलको जग्गा कितामा अरु कोही कसैको हकदाबी लाग्ने, पुग्ने भए अन्य हकदार भए वा निज निवेदकको नाममा हुनु नपर्ने कुनै कारण भए वा ज.ध. बाट कसैले खरिद गरेको भए यो सूचना प्रकाशन भएको मिति देखि बाटो म्याद बाहेक ३५ दिन भित्र आफ्नो साबुत प्रमाण सहित आफै वा नियमानुसार वारेश मार्फत उजुर दाबी गर्नु आउनु होला । म्याद भित्र उजुर दाबी नपरे कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| जिल्ला | गा.बि.स | वडा नं. | किता नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| पर्सा | पिठारीगुठी | ०५ | किता नं. | क्षेत्रफल | जिल्ला पर्सा साविक गा.वि.स सबैठवा वडा नं.०८ हाल पकहामैनपुर गा.पा.-०५ बस्ने विकाउ साह तेली |
| पर्सा | पिठारीगुठी | ०४ | २३२ | ०-६-० | |
| पर्सा | पिठारीगुठी | ०३ | ६६ | ०-२-५ | |
| पर्सा | पिठारीगुठी | ०५ | ३३८ | ०-३-४ | |
| पर्सा | पिठारीगुठी | ०४ | २५३ | ०-४-० | |
| पर्सा | पिठारीगुठी | ०४ | १८५ | ०-२-० | |
| पर्सा | पिठारीगुठी | ०५ | २२२ | ०-२-० | |
| पर्सा | पिठारीगुठी | ०५ | २६९ | ०-१-० | |
| पर्सा | पिठारीगुठी | ०४ | २२९ | ०-१०-० | |


# ओलीको फेसबुक स्टाटसले तात्यो राजनीति, बालेन शाहको आक्रामक टिप्पणी




**काठमाडौं,११ माघ ।** नेकपा (एमाले) अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले देशका लागि फेरि जिम्मेवारी लिन आफू तयार रहेको संकेत गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत धारणा सार्वजनिक गर्दै ओलीले अहिलेको सरकार असफल भएको दाबी गर्दै देशलाई सही दिशामा लैजान अनुभवी नेतृत्व आवश्यक रहेको बताएका छन् । ओलीले वर्तमान सरकारले राष्ट्रलाई निराशाको खाडलतर्फ धकेलेको आरोप लगाउँदै राजनीतिक स्थायित्व, सुशासन र राष्ट्रिय हितका लागि आफू पुनः सक्रिय भूमिकामा आउन तयार रहेको स्पष्ट पारेका छन् । उनले विगतमा आफूले सुरु गरेका विकास र राष्ट्रिय स्वाभिमानका मुद्दाहरूलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको उल्लेख गर्दै त्यसविरुद्ध लड्न आवश्यक रहेको बताए । उनको उक्त स्टाटसपछि काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले कडा प्रतिक्रिया जनाएका छन् । बालेनले ओलीको स्टाटसमा टिप्पणी गर्दै देश चलाउने नाममा जनतालाई पटक-पटक भ्रममा पारिएको आरोप लगाए । उनले विगतको शासनकाल स्मरण गराउँदै "देश चलाएको अनुभव" भन्ने दाबीमाथि प्रश्न उठाएका छन् । बालेन शाहले टिप्पणीमा राजनीतिक नेतृत्वले आत्मआलोचना गर्न नसक्दा देश पछाडि परेको संकेत गर्दै पुरानो सोच र पुरानै पात्रबाट देशको भविष्य सम्भव नहुने धारणा व्यक्त गरेका छन् । साथै, उनले भ्रष्टाचार, कुशासन र सत्ता मोहकै कारण देशले पीडा भोगिरहेको उल्लेख गरेका छन् । ओलीको स्टाटस र त्यसमा बालेन शाहको प्रतिक्रिया सार्वजनिक भएपछि सामाजिक सञ्जालमा व्यापक बहस सुरु भएको छ । समर्थक र आलोचकबीच तीव्र मतभेद देखिएको छ भने यो घटनालाई आगामी राजनीतिक समीकरण र चुनावी माहोलसँग जोडेर हेरिएको छ ।
राजनीतिक विश्लेषकहरूका अनुसार यो बहस केवल सामाजिक सञ्जालको वाकयुद्ध मात्र नभई आगामी दिनमा पुराना दलका नेतृत्व र नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने पात्रहरूबीचको राजनीतिक टकरावको संकेतसमेत हो ।

# सामाजिक सञ्जालमा भ्रम फैलाउनेमाथि तुरुन्तै कारबाही गर्न सकिन्छ, आदेश कुर्नु पर्दैन : गृहमन्त्री अर्याल

**काठमाडौं,११ माघ ।** गृहमन्त्री ओमप्रकाश अर्यालले सामाजिक सञ्जालमार्फत भ्रम, मिथ्या सूचना र कानुनविपरीत सामग्री फैलाउनेहरूलाई कारबाही गर्न माथिल्लो तहको आदेश कुर्नु नपर्ने स्पष्ट निर्देशन दिएका छन् । आइतबार गृहमन्त्री अर्यालसहितको सरकारी टोलीले नेपाल प्रहरीको साइबर ब्युरो र हनुमानढोकामा अवस्थित पुरानो काठमाडौं प्रहरी परिसरको जीर्ण भवनको स्थलगत अवलोकन गरेको थियो । उक्त टोलीमा गृह सचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दानबहादुर कार्की तथा गृह मन्त्रालयका सुरक्षा तथा समन्वय महाशाखा प्रमुख आनन्द काफ्लेलगायत सहभागी थिए । भोटाहिटीस्थित साइबर ब्युरो कार्यालयमा भएको अवलोकन क्रममा गृहमन्त्री अर्यालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मर्यादित, शान्तिपूर्ण र स्वच्छ बनाउन साइबर ब्युरोको भूमिका अत्यन्तै महत्वपूर्ण हुने बताए । उनले सामाजिक सञ्जालमार्फत फैलाइने तथ्यहीन, भ्रामक तथा अमर्यादित सामग्रीको सूक्ष्म निगरानी गर्दै अवैधानिक र

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तरविद्यालय क्रिकेट र फुटबल प्रतियोगितामा रोमाञ्चक प्रतिस्पर्धा, मुनलाईट र बिकनको प्रभावशाली जित




**बीरगन्ज,११ माघ ।** प्याब्सन पर्साको आयोजनामा सञ्चालन भइरहेको अन्तरविद्यालय क्रिकेट तथा फुटबल प्रतियोगिताअन्तर्गत आज सम्पन्न खेलहरूमा विद्यालयस्तरीय खेलाडीहरूले उत्साहजनक र प्रतिस्पर्धात्मक प्रदर्शन गरेका छन् । आज क्रिकेटतर्फ ३ र फुटबलतर्फ ४ खेल सम्पन्न भएका हुन् । क्रिकेटतर्फ, मुनलाईट स्कुलले मिनील्याण्ड स्कुललाई ८४ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रभावशाली जित दर्ता गऱ्यो । टस जितेर ब्याटिङ गरेको मुनलाईटले निर्धारित १५ ओभरमा ६ विकेटको क्षतिमा १४५ रन बनायो । जवाफमा मिनील्याण्ड पूरै ओभर खेले पनि ६१ रनमै सीमित भयो । मुनलाईटका दिलराज यादवले ४५ रनको उत्कृष्ट पारी खेलेपछि म्यान अफ द म्याच घोषित भए । दोस्रो खेलमा फुर्कान एकेडेमी विजयी भयो । नेपाल काभेरीले टस जितेर ब्याटिङ गर्दै ६ विकेटको क्षतिमा ९५ रन बनाए पनि फुर्कान एकेडेमीले २ विकेट मात्र गुमाएर १२.२ ओभरमै लक्ष्य पूरा गर्दै ८ विकेटको सहज जित हात पाऱ्यो । तेस्रो खेलमा सेन्ट जेभियर्सले आचार्य एकेडेमीलाई पराजित गऱ्यो । टस जितेर ब्याटिङ गरेको सेन्ट जेभियर्सले ८ विकेटको क्षतिमा १५२ रनको योगफल तयार गरेको थियो । जवाफमा आचार्य एकेडेमी पूरै ओभर खेले पनि ८४ रनमै सीमित रह्यो । फुटबलतर्फ, गुरुकुल एकेडेमीले गोल्डेन फ्युचर माविविरुद्ध जित हात पाऱ्यो । खेलमा गोल्डेन फ्युचरका खेलाडीबाट भएको आत्मघाती गोल निर्णायक बन्यो । गुरुकुलका युहान राई म्यान अफ द म्याच बने । दोस्रो खेलमा ज्ञानदा एकेडेमीले नेपाल काभेरीलाई ३-२ ले रोमाञ्चक रूपमा पराजित गऱ्यो । ज्ञानदाका अनुरञ्जन साह खेलका म्यान अफ द म्याच घोषित भए । तेस्रो खेलमा बिकन माविले बीरगञ्ज पब्लिक ई-स्कुललाई ८-० को फराकिलो अन्तरले पराजित गऱ्यो । बिकनका अंश थारु म्यान अफ द म्याच बने । त्यसैगरी अन्तिम खेलमा साउथ जोनले डिएभीलाई ५-० ले हराउँदै शानदार जित हात पाऱ्यो । साउथ जोनका आयुष चौधरी खेलका म्यान अफ द म्याच घोषित भए ।


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा